## देवघाट गाउँपालिका गाउँ कार्यपालिकाको वैठक

वैठक संख्याः ०८-२०७९/०८०

मिति २०७९/०९/२४ समयः दिनको १:०० बजे

स्थान: गाउँ कार्यपालिकाको कार्यालय

अध्यक्षता: गाउँपालिका अध्यक्ष श्री तिल बहादुर थापा

**उपस्थितीः**

| **नामथर** | **पद** |
|---|---|
| १) श्री तिल बहादुर थापा | गा. पा. अध्यक्ष |
| २) श्री भुवन सिं गुरुङ | गा. पा. उपाध्यक्ष |
| ३) श्री मनि राज गुरुङ | १ नं. वडाध्यक्ष |
| ४) श्री मीन बहादुर राना मगर | २ नं. वडाध्यक्ष |
| ५) श्री टेक बहादुर आले | ३ नं. वडाध्यक्ष |
| ६) श्री मित्र लाल गुरुङ | ४ नं. वडाध्यक्ष |
| ७) श्री पूर्ण बहादुर कुँवर | ५ नं. वडाध्यक्ष |
| ८) श्री बाल कुमारी परियार | गा.का.पा. सदस्य |
| ९) श्री हुम माया खान | गा.का.पा. सदस्य |
| १०) श्री याम माया गुरुङ | गा.का.पा. सदस्य |
| ११) श्री मन माया वि.क. | गा.का.पा. सदस्य |
| १२) श्री गंगा सिं वि.क. | गा.का.पा. सदस्य |
| १३) श्री बाबुराम परियार | गा.का.पा. सदस्य |
| श्री रमेश सुवेदी | सचिव (प्रमुख प्रशासकिय अधिकृत) |

**कर्मचारी उपस्थितीः**

श्री गोविन्द प्रसाद पौडेल (अधिकृत)

# देवघाट गाउँपालिका गाउँ कार्यपालिकाको वैठक

**मितिः २०७९/०९/२४**

**वैठक संख्या: ०८-२०७९/०८०**

**प्रस्तावहरु:**

१. समिक्षा सम्बन्धमा ।
२. नीति, कार्यक्रम तथा बजेट संशोधन तथा थपघट सहित गाउँ सभामा पेश गर्ने सम्बन्धमा
३. आर्थिक ऐनमा थप कर सहित संशोधन सम्बन्धमा
४. सडक मर्मत भुक्तानी सम्बन्धमा
५. कालिमाटी-बघई-गाईघाट सडक नयाँ ट्र्याक खोल्ने सम्बन्धमा
६. कृषि र गैर कृषि क्षेत्र निर्धारण सम्बन्धमा
७. कानुन स्विकृत सम्बन्धमा
८. माटो उत्खनन् गर्ने प्रारम्भिक वातावरणिय परीक्षण स्विकृत सम्बन्धमा
९. राष्ट्रिय योजना आयोगमा आयोजना प्रस्ताव पठाउने सम्बन्धमा
१०. माघे संक्रान्ति मेलामा सहयोग गर्ने सम्बन्धमा
११. विद्युतिय हाजिरी सञ्चालन सम्बन्धमा
१२. आयोजना संशोधन सम्बन्धमा
१३. "घ" वर्ग इजाजत दिने सम्बन्धमा

**निर्णयहरु:**

**निर्णय नं. १:** यस अघिका कार्यपालिका वैठकका निर्णयहरु कार्यान्वयन तथा अन्य समसामयिक विषयमा समीक्षा गरियो ।

**निर्णय नं. २:** चालु आ.व. २०७९/०८० को नीति, कार्यक्रम तथा बजेट संशोधन प्रस्ताव स्वीकृत गरियो र मिति २०७९/०९/२५ गते बस्ने गाउँ सभाको एघारौं अधिवेशनमा प्रस्तुत गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३:** आर्थिक ऐन २०७९ मा संशोधन विधेयक स्वीकृत गरियो र गाउँ सभाको एघारौं अधिवेशनमा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४:** वर्षातको समयमा सडक भत्किएर, बिग्रिएर तत्काल मर्मत सम्भार गरी सडक खुलाउनु पर्ने भई सोझै खरिद प्रक्रियाबाट तपसिल अनुसारका मर्मत गरिएका सडकको रकम भुक्तानी दिने निर्णय गरियो ।

(क) वडा नं. २ मुल तथा शाखा बाटो सरसफाई तथा मर्मत गरेको रकम रु. ८,३४,०८९/२९ (आठ लाख चौंतिस हजार उनानब्बे रुपैया पैसा उनन्तिस मात्र) सुमी स्यारोन कन्स्ट्रक्सन सप्लायर्स प्रा. लि. लाई भुक्तानी दिने ।

रमेश सुवेदी
प्रमुख प्रशासकीय अधिकृत

तिल वहादुर थापा
अध्यक्ष

(ख) वडा नं. १ र ५ शालिग्राम करिडोर देउपुर-कोटा सडक पुनः मर्मत गरेको रकम रु. ४,७३,५६०/- (अक्षरुपी चार लाख त्रिहत्तर हजार पाँच सय साठी रुपैया मात्र) शजअरो कन्स्ट्रक्सन प्रा.लि. लाई भुक्तानी दिने ।

(ग) शालिग्राम करिडोरको वडा नं. २ अन्तर्गत पर्ने खर्खटेमा पहिरो सरसफाई र मर्मत रु. ५१,४५०/- (अक्षरुपी एकाउन्न हजार चार सय पचास रुपैया मात्र) वडा कार्यालयलाई भुक्तानी दिने ।

**निर्णय नं. ५:** वडा नं ५ कालिमाटी-बघई हुँदै वडा नं ४ गाईघाट जोड्ने नयाँ ट्र्याक खोल्ने निर्णय गरियो । साथै उक्त ट्र्याक अन्तर्गत चालु आ.व. मा रु. २०,००,०००/- (बिस लाख) विनियोजन भएकोले रकम नपुग हुने हुँदा रानीवन सामुदायिक वनले कालिमाटी देखि वघई सम्म ४ मिटरको वनपथ निर्माण गर्न लागेकोले हाल वनपथकै निर्माण गर्नको लागि रानीवन सामुदायिक वन उपभोक्ता समितिलाई लागत साझेदारीको रुपमा उक्त रकम रु. २०,००,०००/- (अक्षरुपी बिस लाख रुपैया मात्र) उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. ६:** मितिः २००७९/०८/२२ गते भु-उपयोग परिषदबाट भु-उपयोग योजना तयार नहुँदा सम्मको लागि वडाहरुबाट प्राप्त भएका निर्णयहरु अनुसार कृषि र गैर कृषि क्षेत्र निर्धारण गर्ने निर्णय भएको र सोही अनुसार नै हने गरी अनुमोदन गरियो ।

**निर्णय नं. ७:** तपसिल अनुसारको विधेयक, कार्यविधि, नियमावली स्वीकृत तथा गाउँ सभामा पेश गर्ने निर्णय गरियो ।

(क) आर्थिक ऐन २०७९ लाई संशोधन गर्न बनेको विधेयक, २०७९ स्वीकृत गरी गाउँ सभामा पेश गर्ने निर्णय गरियो ।

(ख) देवघाट गाउँपालिकाको ढुङ्गा, गिट्टी, बालुवा, माटो, उत्खनन्, संकलन बिक्री तथा ब्यवस्थापन सम्बन्धी (कार्यविधी) नियमावली, २०७९ स्वीकृत गरी गाउँ सभामा पेश गर्ने निर्णय गरियो ।

(ग) खानेपानी गुणस्तर अनुगमन निर्देशिका, २०७९

(घ) सुरक्षित आप्रवासन सम्बन्धी कार्यविधी, २०७९

(ङ) सुरक्षित खानेपानी युक्त समुदाय घोषणा निर्देशिका, २०७९

**निर्णय नं. ८:** वडा नं. ५ का विधान आचार्य र उत्तम आचार्य प्रस्तावक बनेर माटो उत्खनन् गर्ने कामको लागि प्रारम्भिक वातावरणिय परीक्षण (IEE) गरी पेश गरेको प्रतिवेदन स्विकृत गरियो । साथै IEE प्रतिवेदन अनुसार ५०५४ घ.मी. माटो उत्खनन्, संकलन तथा बिक्री गर्न सम्झौता गरी अनुमति दिने निर्णय गरियो ।

**निर्णय नं. ९:** राष्ट्रिय योजना आयोगबाट माग भएको प्रस्ताव अनुसार तपसिलका आयजनाहरुलाई प्राथमिकताको क्रम अनुसार प्रस्ताव पठाउने निर्णय गरियो ।

**तपसिल**

**समपुरक योजना तथा कार्यक्रम:**

१) कालिमाटी भुवनटार कालोपत्र गर्ने आयोजना

२) दासढुंगा त्रिशुली नदी हुँदै कालिगण्डकी वेणी संगमबाट हर्दिघाट पक्की पुल सम्मको पैदल मार्ग निर्माण आयोजना

३) पुलको मुखबाट बद्रिमुक्ति टोल हुँदै मुख्य सडक जोड्ने सडक कालोपत्रे आयोजना

**विशेष योजना तथा कार्यक्रम:**

१) क्वादी खोला खानेपानी योजना

रमेश सुवेदी
प्रमुख प्रशासकीय अधिकृत

तिल बहादुर थापा
अध्यक्ष

२) कोटा सिंचाई योजना

३) त्रिशुली नदी भुवनटार घाट वडा नं. ५ तटबन्धन (विपद् जन्य घटना रोक्न पर्ने भएको)

**सशर्त योजना तथा कार्यक्रम:**

१) साउने-कर्ताप सडक स्तर उन्नति गर्ने आयोजना

२) गलेश्वर आश्रम पहिरो रोकथाम आयोजना

३) सिंच्याङ सर्वाङ सडक स्तर उन्नति गर्ने आयोजना

**निर्णय नं. १०:** माघे संक्रान्ती मेला माघ १ गतेका लागि तपसिल अनुसार सहयोग गर्ने निर्णय गरियो ।

**तपसिल**

१) सडक बत्ति तथा पुलको मुख देखि र टाउन चोक देखि देवी संगम सम्म बत्तिको जडान गर्ने ।

२) सुरक्षामा खटिने सुरक्षाकर्मीलाई खानाको खर्च ।

३) पार्किङ्ग व्यवस्थापन ।

**निर्णय नं. ११:** कर्मचारी हाजिरी व्यवस्थापनलाई प्रभावकारी बनाउन २०७९ माघ १ गते देखि गाउँ कार्यपालिका कार्यालयमा पुर्ण रुपमा विद्युतिय हाजिरी सञ्चालन गर्ने तथा अन्य हस्तलिखित हाजिरी बन्द गर्ने निर्णय गरियो ।

**निर्णय नं. १२:** यस अघिको बैठकबाट निर्णय भएको बद्रिमुक्ति टोल देखि ठिमुरा पुलको मुख सम्मको सडक कालोपत्रे (पिच) गर्ने आयोजनाको नाम र ठाउँ संशोधन गरी गाउँपालिका पुलको मुख, बद्रिमुक्ति टोल हुँदै मुख्य सडक जोड्ने कालोपत्रे (पिच) गर्ने आयोजना कायम गरिएको छ ।

**निर्णय नं. १३:** तपसिल अनुसारका फर्महरुलाई 'घ' वर्ग इजाजत पत्र दिने निर्णय गरियो ।

**तपसिल**

१) सायान इन्फ्राईन्स्ट्रक्चर एण्ड सप्लायर्स प्रा.लि., देवघाट – ५, तनहुँ

२) घण्टाचुली कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि., देवघाट – ५, तनहुँ

रमेश सुवेदी
प्रमुख प्रशासकीय अधिकृत

तिल बहादुर थापा
अध्यक्ष